# शिक्षण अभ्यासको शैक्षणिक र पेसागत उपयोगितासम्बन्धी नेपाली शिक्षाका विद्यार्थीको दृष्टिकोण

# Perspectives of Nepali Education Students on Academic and Professional Applicablity of Teaching Practice

महेन्द्र न्यौपाने[१]
नारायणप्रसाद पन्थ[२*]

[१]उपप्राध्यापक
शिक्षा विकास तथा अनुसन्धान केन्द्र (सेरिड)
त्रिभुवन विश्वविद्यालय
काठमाडौँ, नेपाल
[२]उपप्राध्यापक
*Corresponding author
बुटबल बहुमुखी क्याम्पस
त्रिभुवन विश्वविद्यालय
रुपन्देही, नेपाल
**Email**
narayan.pantha@bumc.tu.edu.np

प्रकाशन : २०८२ असार
Publish: 2025 June

Doi: https://doi.org/10.3126/bns.v28i1.78993

This is an open access article distributed under the terms and conditions of the Creative Commons Attribution (CC BY NC)
https://creativecommons.org/licenses/by/4.0
© 2025 by the author

**Journal**
विकासको निम्ति शिक्षा
Bikashko Nimti Shiksha
**ISSN:** 2616-0188 (Print)
3021-954X (Online)
**Website:** https://www.nepjol.info/index.php/bns

**Published By**
Research Centre for Educational Innovation and Development (CERID)
http://cerid.tu.edu.np

## लेखसार

शिक्षण पेसामा प्रवेशका लागि शिक्षण अभ्यास पूर्वशर्तका रूपमा रहने एक व्यावहारिक अभ्यास हो । शिक्षण अभ्यासले आर्जित सैद्धान्तिक ज्ञानलाई व्यवहारमा उतार्न तथा शिक्षणप्रति सकारात्मक धारणाको विकासका र व्यावहारिक सिप विकास गर्छ भन्ने मान्यता रहेको हुन्छ । प्रस्तुत लेख अभ्यास शिक्षणको प्रभावकारिता र सिकाइ तथा पेसागत विकासमा पारेको प्रभावका सम्बन्धमा सहभागी छात्र शिक्षकको दृष्टिकोण र अनुभवको अन्वेषण गर्ने उद्देश्यमा केन्द्रित छ । यसमा परिमाणात्मक अनुसन्धानअन्तर्गतको खण्डात्मक स्वरूपको वर्णनात्मक सर्भेक्षण विधिको प्रयोग गरी सर्वेक्षण प्रश्नावलीको माध्यमबाट सहभागीको अनुभव र दृष्टिकोण सङ्कलन गरिएको छ । विभिन्न थिमगत आधारमा प्राप्त नतिजालाई विश्लेषण गरी पूर्वअध्ययनको निष्कर्षसमेतका आधारमा विश्लेषण गर्दै निष्कर्ष निकालिएको छ । यस अध्ययनबाट शिक्षण अभ्यास छात्र शिक्षकलाई पेसागत र संस्थागत सामाजिकीकरण, व्यवाहारिक ज्ञान र सिकाइ, समाजिक र संवेगात्मक पक्षको व्यवस्थापन गर्न सघाउ पुगेको निष्कर्ष प्राप्त भएको छ । यसका साथै स्रोतसाधन र सुपरिवेक्षणका दृष्टिले अभ्यास शिक्षण प्रभावकारी रहेको साथै शिक्षण पेसाप्रतिको दृष्टिकोणलाई सकारात्मक बनाउन पनि निकै सहयोगी सिद्ध भएको छ । भाषा शिक्षणका दृष्टिले पनि शिक्षणलाई सिपमूलक र कार्यमूलक स्वरूप दिई व्यावहारिकता प्रदान गर्न शिक्षण अभ्यास निकै प्रभावकारी रहेको निकर्ष निस्केको छ । शिक्षण अभ्यासको अवस्था, यसले सिकाइमा पारेको प्रभाव, विद्यमान कठिनाइ जस्ता पक्षमा विविध दृष्टिले अध्ययन गरी अध्ययनबाट प्राप्त निष्कर्षका आधारमा यसलाई थप प्रभावकारी बनाउन सकेमा यसले समग्र शिक्षण सिकाइमा सकारात्मक प्रभाव पार्न सक्छ ।

***शब्दकुञ्जी :*** छात्र शिक्षक, पेसागत विकास, शिक्षण अभ्यास, संस्थागत सामाजिकीकरण, संवेगात्मक व्यवस्थापन, सूक्ष्म शिक्षण

**How to cite this article (APA)**

**English :** Neupane, M. & Pantha, N. P. (2025). Perspectives of Nepali education students on academic and professional applicability of teaching practice. *Bikashko Nimti, Shiksha. 28*(1), 55-70. https://doi.org/10.3126/bns.v28i1.78993

**नेपाली :** न्यौपाने, महेन्द्र र पन्थ, नारायणप्रसाद (२०८२), शिक्षण अभ्यासको शैक्षणिक र पेसागत उपयोगितासम्बन्धी नेपाली शिक्षाका विद्यार्थीको दृष्टिकोण, *विकासको निम्ति शिक्षा, २८*(१), ५५-७० । https://doi.org/10.3126/bns.v28i1.78993

**Abastract**

Teaching practice is a real-life practice of teaching that is a prerequisite for access to the teaching profession. Teaching practice, which is a prerequisite for developing teaching skills, is believed to develop many practical skills along with putting acquired theoretical knowledge into practice and developing a positive attitude towards teaching. The present article focuses on the objective of exploring the views and experiences of the participating student teachers regarding the effectiveness of teaching practice and its impact on learning and professional development. In this, a descriptive survey method of a cross-sectional nature under quantitative research has been used, in which the experiences and views of the participants have been collected through a survey questionnaire. The results obtained on various thematic bases have been analyzed and conclusions have been drawn on the basis of the findings of the previous studies. This study has concluded that teaching practice has helped student teachers in professional and institutional socialization, practical knowledge and learning, and management of social and emotional aspects. In addition, teaching practice has proven to be effective in terms of resources and supervision, and has also as a very helpful practice for making the practitioners' attitude towards the teaching profession positive. From the perspective of language teaching, it has been concluded that teaching practice is very effective in providing practicality by giving it a skill-based and action-oriented form. Based on the findings obtained from the study on the state of teaching practice and the existing difficulties, and its impact on teaching and learning, it can be concluded that it can have a positive impact on overall teaching and learning.

***Keywords***: Student teachers, professional development, teaching practice, institutional socialization, emotional management, microteaching

## विषय प्रवेश

शिक्षण अभ्यास शिक्षण पेसामा प्रवेश गर्न चाहने प्रशिक्षार्थी शिक्षकहरूका लागि ज्ञान, सिप र क्षमता अभिवृद्धि गर्ने कार्यक्रम हो । पूर्वसेवाकालीन शिक्षक शिक्षा कार्यक्रममको अभ्यास शिक्षण एउटा त्यस्तो कार्यक्रम हो जहाँ प्रशिक्षार्थी शिक्षकलाई वास्तविक वातावरणमा शिक्षणको अवसर उपलब्ध गराइन्छ । यो अभ्यासमा पूर्वसेवाकालीन तालिममा रहेका शिक्षकले विश्वविद्यालयका आफ्ना सुपरिवेक्षकको सुपरिवेक्षणमा रहेर स्वतन्त्र रूपमा शिक्षण कार्य अगाडि बढाउँछन् । यसले कक्षामा आर्जन गरेका सैद्धान्तिक ज्ञानलाई सम्बन्धित विद्यालयको वास्तविक परिवेशमा अभ्यास गरी अनुभव प्राप्त गर्ने अवसर सिर्जना गर्छ । शिक्षण अभ्यास शिक्षाशास्त्र सङ्कायमा अध्ययन गर्ने विद्यार्थीहरूको पूर्वनिर्धारित पाठ्यक्रमको आवश्यकता पूर्ति गर्न विद्यालयमा गई गरिने प्रयोगात्मक र अभ्यासात्मक कार्य हो (ढकाल, २०६८) । क्याम्पसमा शिक्षाशास्त्र सङ्कायमा अध्ययनरत विद्यार्थीले विद्यालयमा गएर अभ्यास शिक्षण गर्ने भएकाले यस्तो शिक्षकलाई छात्र शिक्षक भनिन्छ (शर्मा र शर्मा, सन् २०१८) । समग्रमा शिक्षक बन्ने पूर्वयोग्यताका रूपमा शिक्षाशास्त्र सङ्कायमा अध्ययन गरी प्राप्त ज्ञानका आधारमा कक्षाकोठामा गएर अभ्यासका रूपमा शिक्षण सिप विकास गर्ने कार्यलाई शिक्षण अभ्यासले जनाउँछ ।

शिक्षकको पेसागत विकासका विभिन्न उपायमध्ये शिक्षण अभ्यास एक उपाय हो । यो शिक्षण पेसामा संलग्न हुन चाहना राखी शिक्षकको पूर्वसेवाकालीन तालिमका रूपमा शिक्षाशास्त्र सङ्काय अध्ययन गर्ने विद्यार्थीको उपाधिमूलक कोर्सका लागि तयार पारिएको कार्यक्रम हो । यसले क्याम्पसको पाठ्यक्रममा आधारित भई गरेको अध्ययनबाट आर्जित ज्ञानलाई अभ्यासका माध्यमबाट व्यवहारमा उतार्ने अवसर प्रदान गर्छ । यसमा मुख्यतः प्रस्तुतीकरण, प्रदर्शन, अभ्यास, पृष्ठपोण गरी मुख्य चार तत्त्वका माध्यमबाट सिक्ने अवसर प्रदान गरिन्छ (Joyce & Showers, 1991) । जसका कारण शिक्षण अभ्यासबाट छात्र शिक्षकले अनुभव ग्रहण गर्दै सिक्दै पृष्ठपोषण प्राप्त गरी आफूलाई सुधार गर्दै सिक्ने अवसर पाउँछन् ।

विश्वमा अभ्यास शिक्षणको अध्ययनको इतिहास लामो छ । सन् १९६० को दशकपछि शिक्षण अभ्यासका बारेमा अध्ययन हुन थालेको पाइन्छ। सन् १९६० देखि १९८० को दशकमा शिक्षक तालिममा ‘सही सिप’ शिक्षण गर्न सिकाइयो वा सिकाइएन भन्ने आधारमा तालिमको प्रभावकारिता जाँच गरी त्यसका आधारमा विद्यार्थीको उपलब्धिमा सुधार हुने अपेक्षा गरिन्थ्यो (Caires, Almedia & Vieira, 2012) । उक्त समयमा शिक्षण अभ्यासले ती सिप कक्षाकोठामा निश्चित तहसम्म प्रयोग गर्ने सक्षमता विकासको सुनिश्चितता गर्नुपर्छ भन्ने मान्यता राखिन्थ्यो । शिक्षण अभ्यासको सुरुवातकालीन समयमा आवश्यक व्यवहारको नियमित पुनरावृत्ति निश्चित समयमा व्यवहार अनुसारको विशिष्ट पृष्ठपोषण र छलफललाई तालिमको मुख्य विधिका रूपमा उपयोग गरिन्थ्यो (Thiessen, 2000) । सन् १९८० पछि अनुसन्धानको परिदृश्य परिवर्तन भई छात्र शिक्षकका बारेको सोचाइ, शिक्षण समयको संज्ञानात्मक प्रक्रिया, र भोगाइका बारेमा अन्तर्क्रिया गर्न थालिएको पाइन्छ (Bullough & Stokes 1994) । सन् १९८० को दशकको अन्त्यतिरबाट शैक्षिक समुदायको एक सामाजिक प्रक्रियाका रूपमा लिँदै अभ्यास शिक्षणसँग सुपरिवेक्षणको विधि र प्रक्रियाको सम्बन्धको पनि अध्ययन गर्ने कार्य हुन थाल्यो (Caires, Almedia & Vieira, 2012) । सन् १९९० को दशकबाट संवेगात्मक र सामाजिक बौद्धिकतालाई शिक्षण अभ्यासको महत्त्वपूर्ण मूल्यका रूपमा स्वीकार गरी त्यसको अध्ययन गर्न थालियो । यसका मुख्य आयामअन्तर्गत अन्य व्यक्तिसँगको सम्बन्ध र समानुभूति, संवेगको मूल्याङ्कन र अभिव्यक्ति, संवेगात्मक व्यवस्थापन र नयाँ सम्बन्धप्रति खुलापन जस्ता पक्षहरू पर्छन् (Mayer, Salovey & Caruso, 2004) । यसरी पूर्वसेवाकालीन शिक्षक तालिमका सन्दर्भमा सन् १९९० देखि शिक्षकको सामाजिक र संवेगात्मक सिपको प्रभाव उनीहरूको कल्याण, विद्यालयको नतिजा, सन्तुष्टि र विद्यार्थीका रूपमा मनोसामाजिक पक्षको विकास, विद्यालयीय जीवनको गुणस्तरीयता जस्ता पक्षमा पर्ने भएकाले यसतर्फ विशेष जोड दिइँदै आएको पाइन्छ (Petrides, Frederickson, & Furnham 2004) । यस समयमा शिक्षक उमेदवार हरूको व्यक्तिगत, सामाजिक र व्यावसायिक विकासमा शिक्षण अभ्यासको महत्त्वपूर्ण प्रभाव रहने र शिक्षणका राम्रा पक्ष र जटिलताहरूलाई आफैँ सहभागी भएर सिक्ने अवसर प्राप्त गर्ने भएकाले छात्र शिक्षकको शिक्षण पेसासँगको पहिलो सम्पर्कबाट हासिल अनुभव अन्वेषण गर्ने कार्यको निकै ठुलो महत्त्व हुन्छ (Caires & Almeida, 2005) भन्ने मान्यता विकास भएको छ । खास गरी सन् १९९६ पछि शिक्षकको पहिचान र दृष्टिकोणसँग सम्बन्धित रहेर छात्र शिक्षकको आफ्नै शिक्षणको अनुभूति र दृष्टिकोणसँग सम्बन्धित रही त्यसले अनुभवका साथै व्यक्तिगत र पेसागत विकासमा पार्ने प्रभावसँग

सम्बन्धित रहेर निरन्तर अनुसन्धान कार्य गरिएको छ । यस कार्यमा विद्वान् साइरेसको महत्त्वपूर्ण योगदान रहेको देखिन्छ । उनले विभिन्न विद्वान्हरूसँग मिलेर अध्ययन गरेका छन् । अध्ययनका क्रममा सन् २००० को पहिलो दशकमा शिक्षण अभ्यासको अध्ययनका लागि सिकाइ पेसागत र संस्थागत सामाजिकीकरण, सिकाइ र पेसागत विकास, सामाजिक-संवेगात्मक पक्ष, सहायता/स्रोत/सुपरिवेक्षण, व्यावसायिक पक्ष जस्ता आयामहरू (Caires & Almeida, 2005) पहिचान गरी ती आयामअन्तर्गत विभिन्न सूचकहरू तय गरेका छन् । छात्र शिक्षकको शिक्षण अभ्याससँग सम्बन्धित अनुभव, अनुभूति र यसले पेसागत र व्यक्तिगत जीवनमा पारेको प्रभावका साथै संवेगात्मक पक्षहरूको अध्ययन गर्न यी आयाम र तीअन्तर्गतका सूचकहरू निकै उपयोगी पनि छन् ।

नेपालमा त्रिभुवन विश्वविद्यालयको स्थापना अगाडिदेखि नै शिक्षकहरूका लागि पूर्वसेवाकालीन तालिमको व्यवस्था हुँदै आएको पाइन्छ । त्रिभुवन विश्वविद्यालयको स्थापना भएपछि शिक्षाशास्त्र सङ्कायमा शिक्षण अभ्यास कार्य हुँदै आएको छ । यस्तो व्यवस्था विगतमा प्रवीणता प्रमाणापत्र तह, स्नातक र स्नातकोत्तर तहमा रहेकामा हाल शिक्षाशास्त्र सङ्कायको प्रवीणता प्रमाणपत्र तह विश्वविद्यालय कार्यक्रमबाट हटेपछि स्नातक र स्नातकोत्तर तहमा मात्रै रहेको छ । हाल त्रिभुवन विश्वविद्यालयले चार बर्से बिएड कार्यक्रमअन्तर्गत चौथो वर्षमा एक प्रयोगात्मक पाठ्यांशका रूपमा शिक्षण अभ्यास (एड. ४४०) विषयको व्यवस्था गरी वार्षिक १५० घण्टा समय निर्धारण गरेको छ (Faculty of Education, 2075 B.S.) । उक्त विषयका लागि १०० पूर्णाङ्क निर्धारण गरी शैक्षिक सत्रको सुरुदेखि नै अध्यापन सुरु गर्नुपर्ने व्यवस्था गर्दै उक्त विषयअन्तर्गत मूलतः सूक्ष्म शिक्षण, सहपाठी शिक्षण, विद्यालय शिक्षण जस्ता कार्यकलापका साथै पाठयोजना तथा शैक्षिक सामग्री निर्माणदेखि लिएर शैक्षिक छात्र शिक्षक तथा सुपरिवेक्षकका जिम्मेवारीहरूसमेत उल्लेख गरी शिक्षण अभ्यासलाई मार्गदर्शन गरेको छ (शिक्षाशास्त्र सङ्काय, २०७५) । छात्र शिक्षकमा प्रभावकारी शिक्षण सक्षमता विकास गर्ने शिक्षण अभ्यास प्रभावकारी रूपले सञ्चालन गर्न मार्गदर्शन गरिएको छ ।

नेपाल सन्दर्भमा शिक्षण अभ्यासका बारेमा पछिल्लो समयमा केही अध्ययनहरू भएका छन् । कँडेल (सन् २०२३) ले स्नातकोत्तर तहका अङ्ग्रेजी शिक्षाका सन्दर्भमा सुपरिवेक्षकको दृष्टिकोण उजागर गरेका छन् । गिरी र अन्य (२०८१), पोखरेल (सन् २०२०) ले स्नातक तहका छात्र शिक्षकको अभ्यास शिक्षणप्रतिको दृष्टिकोण उजागर गरेका छन् । त्यस्तै तिम्सिना (सन् २०२४) ले स्नातक तहमा नेपालका विश्वविद्यालयहरूले शिक्षण अभ्यासका सम्बन्धमा गरेका व्यवस्थाको तुलनात्मक अध्ययन गरेका छन् । यी विभिन्न अध्ययनले मूलतः गुणात्मक दृष्टिबाट छात्र शिक्षक र सुपरिवेक्षकका दृष्टिकोणलाई उजागर गरेका र शिक्षण अभ्याससम्बन्धी व्यवस्थालाई तुलनात्मक रूपमा प्रस्तुत गरेका छन् । यी अध्ययनबाट अभ्यास शिक्षणमा संलग्न छात्र शिक्षक र सुपरिवेक्षकको दृष्टिकोण केही हदसम्म उजागर भएका छन् । यद्यपि नेपालका सन्दर्भमा अभ्यास शिक्षणबाट छात्र शिक्षकम पार्ने प्रभावको व्यवस्थित अध्ययन हुन सकेको देखिँदैन । जसलाई यस अध्ययनका क्रममा रिक्तताको रूपमा पहिचान गरिएको छ । यही रिक्ततालाई परिपूर्ति गर्न प्रस्तुत अध्ययन शिक्षण अभ्यासमा संलग्न छात्र शिक्षकका दृष्टिकोण अन्वेषण गरी अभ्यास शिक्षणको प्रभावकारिताको लेखाजोखा गर्नमा केन्द्रित छ ।

प्रस्तुत लेखको मुख्य उद्देश्य त्रिभुवन विश्वविद्यलायको चार बर्से बिएड कार्यक्रम अन्तर्गत चौथो वर्षमा शिक्षण अभ्यास कार्यमा संलग्न विद्यार्थीका अभ्यास शिक्षणप्रतिको दृष्टिकोण पहिचान गर्नु रहेको छ । नेपाली मुख्य विषय लिएर शिक्षण अभ्यास सम्पन्न गरेका छात्र शिक्षकको शिक्षण अभ्यासप्रतिको दृष्टिकोण, त्यसबाट उनीहरूमा हासिल भएको सिकाइका साथै संस्थागत एवम् व्यक्तिगत रूपबाट प्राप्त सहयोग जस्ता विशिष्ट पक्षहरूको अन्वेषण गर्ने उद्देश्यमा यो लेख केन्द्रित रहेको छ ।

## अध्ययनविधि

### अनुसन्धान ढाँचा

यस अध्ययनमा वर्णनात्मक सर्भे ढाँचाको उपयोग गरिएको छ । शिक्षाशास्त्र सङ्कायका स्नातक तह चौथो वर्षमा अभ्यास शिक्षणमा सहभागी विद्यार्थीका अनुभव र दृष्टिकोण अन्वेषण गरिएको छ । यस क्रममा विद्यार्थीका अनुभव र दृष्टिकोण पहिचान गर्न सर्भे प्रश्नावलीका माध्यमबाट तथ्याङ्क सङ्कलन गरिएको छ । वर्णनात्मक तथ्याङ्कलाई उपयोग गरी छात्र शिक्षकको अनुभव र दृष्टिकोण पहिचान गरिएको छ ।

### सामग्री

यस अध्ययनको तथ्याङ्क सङ्कलनका लागि Ciares & Almeida (सन् २००५) द्वारा तयार पारिएको शिक्षण अभ्यासको अनुभव र दृष्टिकोणको सूची (इन्भेन्टरी अफ एक्सपेरियन्स एन्ड पर्सेप्सन एट टिचिङ प्राक्टिस) लाई आवश्यक परिमार्जनसहति ग्रहण गरिएको हो । यस साधनमा उनीहरूले पाँचओटा थिममा आधारित रही ती थिमअन्तर्गत अभ्यास शिक्षणमा सहभागी छात्र शिक्षकको अनुभव र दृष्टिकोण पहिचान गर्न विभिन्न कथनहरू निर्माण गरेका थिए । तिनलाई आवश्यक मात्रामा परिमार्जन गरी नेपालको सन्दर्भमा उपयोगी हुने कथनलाई हुबहु, केहीलाई परिमार्जनसहित राखिएको र केहीलाई हटाइएको थियो । उनीहरूले प्रस्तुत गरेका शिक्षण अभ्यासको अनुभव र दृष्टिकोणको सूचीका पाँच ओटा थिमहरू र तिनअन्तर्गत समाहित पक्षहरू निम्न छन् : क. पेसागत र संस्थागत सामाजिकीकरण (शिक्षण पेसाका नयाँ व्यक्तिलाई विद्यालय र शिक्षण पेसामा एकीकरण, संस्थागत नियम र समयतालिका पालनका क्रममा आएका मुख्य समस्याहरू) ख. सिकाइ र पेसागत विकास (पूर्वसेकाकालीन तालिम कार्यक्रमबाट विकास भएको क्षमताका बारेमा प्रशिक्षार्थीको दृष्टिकोण, सिकाइ अनुभवको विविधता र पर्याप्तता) ग. सामाजिक संवेगात्मक पक्ष (शिक्षण अभ्यासले छात्र शिक्षकको आत्मसम्ममान, आत्म प्रभावकारिता सुताइ, भोक आदिमा पारेको प्रभावको मूल्याङ्कन) घ. सहायत/स्रोतसाधन/सुपरिवेक्षण (विद्यालय र विश्वविद्यालयका सुपरिवेक्षकद्वारा प्रदान गरिएको सहयोग र सहायताको मूल्याङ्कन, उपलब्ध सामग्रीको पर्याप्तता आदि) ङ. पेसागत पक्ष (छात्र शिक्षकको पेसागत पहिचान, पेसागत सक्षमता/व्यावसायिकताप्रतिको दृष्टिकोण, शिक्षण पेसाबाट वैयक्तिक पेसागत सामाजिक र आर्थिक आवश्यकता पूर्तिप्रतिको दृष्टिकोण) । तथ्याङ्क सङ्कलनको लागि प्रयोग गरिएको साधनको विश्वसनीयता निर्धारण गर्न लिकर्ट स्केलका कथनहरूको क्रोनब्याक अल्फा मान परीक्षण गरिएको थियो । जसअनुसार पेसागत र संस्थागत सामाजिकीकरणअन्तर्गतका थिमको क्रोनब्याक अल्फा मान ०.६८, सिकाइ र पेसागत विकासको ०.९०, सामाजिक र संवेगात्मक पक्षको ०.७८, सहयोग र सुपरिवेक्षण ०.८९,

पेसागत पक्षको ०.९१ र नेपाली भाषा शिक्षण सक्षमतामा ०.७३ आएको थियो । यसरी प्रश्नहरूको आन्तरिक विश्वसनीयता परीक्षण गर्ने क्रोनब्याक अल्फा मान ०.६० भन्दा माथि भएमा स्वीकारयोग्य, ०.७० भएमा राम्रो र ०.७७ भन्दा माथि रहेमा तुलनात्मक रूपमा उच्च रहेको मानिन्छ (Taber, 2018)। यस अनुसन्धानमा प्रयोग भएका सामग्रीहरूको विश्वसनीयता उच्च रहेको छ ।

## सहभागी

यस अध्ययनका सहभागी त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, चौथो वर्षमा अध्ययनरत विद्यार्थीहरू हुन् । त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, चौथो वर्षमा नेपाली मुख्य विषय लिई लुम्बिनी प्रदेशमा आङ्गिक र सामुदायिक क्याम्पसमा वि.स.. २०८१ मा चौथो वर्षमा नेपाली मुख्य विषय लिएका विद्यार्थीहरू यस अध्ययनका जनसङ्ख्या हुन् । नमुनाको आकार ठुलो र अनिश्चित भएमा सर्भे अध्ययनका लागि न्यूनतम नमुनाको आकार ३८४ हुनुपर्छ भन्ने Cochran (सन् १९७७) को मान्यता (Uakarn et al., 2021) लाई आधार मानेर यस अध्ययनका लागि नमुनाको आकार निर्धारण गरिएको थियो । निर्धारित नमुनाबाट मात्रै प्रतिक्रिया व्यक्त गर्न लगाउँदा सबैबाट पूर्ण प्रतिक्रिया प्राप्त नहुने तथा त्रुटि हुन सक्ने सम्भावनालाई मध्यनजर गर्दै ७ प्रतिशत थप गरी ४११ जना सहभागीलाई सर्भे प्रश्नावली भर्न लगाइएको थियो । जसमध्ये ४०३ जना सहभागीबाट पूर्ण प्रतिक्रिया प्राप्त भएको थियो । यसर्थ यस अध्ययनमा ४०३ जना सहभागीको प्रतिक्रिया विश्लेषण गरिएको छ ।

## तथ्याङ्क सङ्कलन र विश्लेषण

तथ्याङ्क सङ्कलन गर्न सर्वेक्षण प्रश्न लिकर्ट स्केलका प्रश्नावली तयार पारी त्यसबाट गुगल फर्म सिर्जना गरी सहभागीहरूलाई म्यासेन्जर ग्रुपका माध्यमबाट लिङ्क पठाइएर विद्यार्थीलाई प्रतिक्रिया व्यक्त गर्न लगाइएको थियो । यसरी सहभागीले गुगल फर्मका माध्यमबाट व्यक्त गरेका प्रतिक्रियालाई एक्सल फारममा परिवर्तन गरी तथ्याङ्कको सफाइ र शुद्धीकरण गरिएको थियो । यसको विश्लेषण गर्न IBM SPSS Statistics सफ्टवयरको उपयोग गरिएको थियो । सङ्कलित तथ्याङ्कको विश्लेषण गर्दा तालिका, बार चार्टका माध्यमबाट प्रस्तुतीकरण गरिएको छ । तथ्याङ्कको प्रस्तुतीकरणका क्रममा प्रतिशताङ्कको उपयोग गरिएको छ । यसबाट अध्ययनका सहभागीको शिक्षण अभ्यासबाट प्राप्त अनुभव र दृष्टिकोणको अन्वेषण गरी पूर्व अध्ययनसँग सम्बन्धित अन्य अध्ययनसँग तुलनात्मक विश्लेषणसमेत गरिएको छ ।

## नतिजा

यस अध्ययनबाट प्राप्त नतिजालाई सहभागिका विशेषता, पेसागत र संस्थागत सामाजिकीकरण, सिकाइ र पेसागत विकास, सामाजिक र संवेगात्मक पक्ष, सहयोग र सुपरिवेक्षण, पेसागत विकास, नेपाली भाषा शिक्षण सक्षमतामा जस्ता उपशीर्षकअन्तर्गत प्रस्तुत गरिएको छ । यस खण्डमा शिक्षण अभ्यास विषय अन्तर्गत क्याम्पसमा सम्बन्धित विषय शिक्षकको मार्गदर्शन तथा सम्बन्धित सहयोगी विद्यालयमा आन्तरिक सुपरिवेक्षकको मार्गदर्शन, विद्यालयका प्रअ, सहपाठी छात्र शिक्षक, अनुभवी शिक्षक, अभिभावक, विद्यार्थीसँगको सहकार्यका क्रममा हासिल गरेको अनुभव र सिकाइका सम्बन्धमा छात्र शिक्षकको दृष्टिकोणलाई प्रस्तुत गरिएको छ ।

## सहभागिका विशेषता

यस अध्ययनका सहभागीका लिङ्ग, जाति, क्याम्पसको प्रकार, सूक्ष्म शिक्षणमा निर्माण गरेको पाठयोजना सङ्ख्या, शिक्षण गरेको विद्यालय रहेको स्थान, शिक्षण अभ्यास गरेको स्थान जस्ता विवरणहरू सहभागितको विशेषताअन्तर्गत प्रस्तुत गरी त्यस आधारमा सहभागीको सङ्ख्या र प्रतिशतलाई तालिका १ मा प्रस्तुत गरिएको छ :

## तालिका १

*सहभागिका विशेषता*

| सहभागीका विशेषता | | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| लिङ्ग | छात्रा | ३७२ जना | ९२.३ |
| | छात्र | ३१ जना | ७.७ |
| जाति | बाह्मण, क्षेत्री | २१७ जना | ५३.८ |
| | जनजाति | १५० जना | ३७.२ |
| | दलित | ३६ जना | ८.९ |
| क्याम्पसको प्रकार | आङ्गिक | १३४ जना | ३३.३ |
| | सामुदायिक | २६९ जना | ६६.७ |
| विगतमा शिक्षण अभ्यासमा सहभागी | सहभागी भएको | ३८४ जना | ९५.३ |
| | सहभागी नभएको | १९ जना | ४.७ |
| सूक्ष्म शिक्षणमा निर्माण गरेको पाठयोजना सङ्ख्या | १५ भन्दा कम | २२ जना | ५.५ |
| | १५ र सोभन्दा बढी | ३८१ जना | ९४.५ |
| शिक्षण गरेको विद्यालय रहेको स्थान | नगरपालिका | ३३८ जना | ८३.९ |
| | गाउँपालिका | ६५ जना | १६.१ |
| अभ्यास शिक्षण गरेको कक्षा | आधारभूत तह (कक्षा १५) | १० जना | २.५ |
| | आधारभूत तह (कक्षा ६-८) | २१३ जना | ५२.८ |
| | माध्यमिक तह (कक्षा ९-१०) | १८० जना | ४४.७ |

दिइएको तालिकाले सहभागिका विशेषतालाई प्रस्तुत गरेको छ। सहभागीहरूमध्ये छात्रा सहभागीको सङ्ख्या धेरै रहेको र आधाभन्दा केही बढी बाह्मण, क्षेत्री (५३.८ प्रतिशत) र एक तिहाइभन्दा केही बढी (३७.२) जनजाति र अन्य दलित विद्यार्थी रहेका छन् । सहभागीहरूमध्ये दुई तिहाइ सामुदायिक क्याम्पसका र एक तिहाइ आङ्गिक क्याम्पसका तथा अधिकांश विद्यार्थीहरू विगतमा शिक्षण अभ्यासमा सहभागी भएका र अत्यन्त थोरै (४.७ प्रतिशत) विद्यार्थी आङ्गिक क्याम्पसका रहेका छन् । यस्तै धेरै विद्यार्थीहरू विगतमा शिक्षण अभ्यासमा सहभागी भएका तथा सहभागीमध्ये धेरैले नगरपालिकामा रहेका विद्यालयमा शिक्षण अभ्यास गरेको देखिन्छ । यस्तै विद्यमान अभ्यासअनुसार स्नातक तहको अध्ययन माध्यमिक तह (कक्षा ९-१०) सम्मको अध्यापन गर्ने योग्यता भएको र सोहीअनुसार अध्यापन अभ्यास गर्नुपर्ने भए पनि सहभागीमध्ये आधाभन्दा कम (४४.७ प्रतिशत) ले मात्रै उक्त तहमा अभ्यास शिक्षण गरेको पाइएको छ ।

## पेसागत र संस्थागत सामाजिकीकरण

शिक्षण अभ्यास सहयोगी विद्यालयमा गएर आफ्ना विद्यालय प्रशासन, अनुभवी शिक्षक तथा आफ्नै साथीहरूसँग पेसागत र संस्थागत सामाजिकीकरण गरी अभ्यासका माध्यमबाट सिक्ने अवसर हो । छात्र शिक्षकले २० दिनसम्म तोकिएको विद्यालयमा गएर आफूले विशिष्टीकरण गर्न लागेको विषयमा १२ ओटा पाठयोजना बनाई शिक्षण गर्ने क्रममा विषय शिक्षकको अनुमति लिएर कक्षा अवलोकन गर्ने, विद्यालयको शिक्षक बैठकमा सहभागिता जनाउने, विद्यार्थीको मूल्याङ्कन गर्ने, सामूहिक रूपमा सह/अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने गर्नुपर्छ । यसका साथै विद्यालयका लगबुक, विद्यालय सुधार योजना, विद्यालय तथ्याङ्क फारम, कार्यसञ्चयिका, शिक्षकको व्यक्तिगत विवरणको अध्ययन, विद्यालयका विभिन्न सामग्रीको उपयोग जस्ता कार्य गर्ने सन्दर्भमा पेसागत दक्षता र प्रभावकारिताका लागि विद्यालयसँग सम्बन्धित निकाय तथा समुदायसँग सुमधुर सम्बन्धको विकास गर्नुपर्छ (शिक्षाशास्त्र सङ्काय, २०७५) । यस अध्ययनका सहभागीहरूले शिक्षण अभ्यासका सन्दर्भमा सहभागी हुँदा पेसागत र संस्थागत सामाजिकीकरणका सम्बन्धमा व्यक्त गरेको अभिमतलाई तालिका २ मा प्रस्तुत गरिएको छ :

## तालिका २

*पेसागत र संस्थागत सामाजिकीकरण*

| कथन | पूर्ण असहमत | असहमत | अनिर्णित | सहमत | पूर्ण सहमत |
|---|---|---|---|---|---|
| विद्यालय प्रशासनसँग राम्रो सम्बन्ध विकास | ४.५% | ६.२% | ४.०% | २९.५% | ५५.८% |
| विद्यालयले विश्वाससाथ जिम्मेवारी सुम्पे को महसुस | ८.७% | ४.२% | ८.४% | २४.८% | ५३.८% |
| विद्यालयले उपलब्ध गराएको स्रोतसाधनबाट सन्तुष्ट | ७.४% | ७.७% | १०.७% | ३१.३% | ४२.९% |
| विद्यालयले स्वागत गरेको अनुभव | १२.३% | ११.०% | ९.०% | २६.३% | ४१.५% |
| क्याम्पसको अध्ययन सूक्ष्म शिक्षण अभ्यास र विद्यालयको अभ्यासका बिचमा समानता | ७.८% | १७.३% | १६.३% | २९.८% | २९.०% |
| कक्षा शिक्षणका सम्बन्धमा गरिएको परि कल्पना र वास्तविकतामा भिन्नता | ११.९% | १३.६% | १४.१% | ३५.२% | २५.१% |
| विद्यालयमा समूह कार्यमा जटिलता | ३३.७% | २०.८% | ८.९% | १८.१% | १८.४% |
| धेरै विद्याथी सफ्याले शिक्षणमा कठिनाइ उत्पन्न | ३५.०% | २३.३% | १०.९% | १७.९% | १२.९% |

प्रस्तुत तालिका पेसागत र संस्थागत सामाजिकीकरणका सम्बन्धमा छात्र शिक्षकको अभिमतलाई प्रस्तुत गरेको छ। जसअनुसार धेरै छात्र शिक्षकको विद्यालय प्रशासनसँग राम्रो सम्बन्ध रहेको, विद्यालयले विश्वाससाथ जिम्मेवारी सुम्पेको महसुस गरेका, विद्यालयबाट उपलब्ध गराएको स्रोतसाधनबाट सन्तुष्ट भएका र विद्यालयले स्वागत गरेको अभिमत प्रकट गरेका छन् । यस्तै क्याम्पसको अध्ययन र सूक्ष्म शिक्षण अभ्यास र विद्यालयको अभ्यासका बिचमा समानता पाइएको कथनमा पूर्ण असहमत र असहमत

गरी करिब एक चौथाइ (२५.१%) सहभागीले असहमति जनाएका, कक्षा शिक्षणका सम्बनधमा गरिएको परिकल्पना र वास्तविकतामा भिन्नता रहेको भन्ने कथनमा ६०.३ प्रतिशत छात्र शिक्षक मात्रै सहमत (सहमत र पूर्ण सहमत) भएका छन् भने बाँकी सहभागी असहमत र अनिर्णित छन् । विद्यालयमा समूह कार्यमा जटिलता रहेको कथनमा एक तिहाइभन्दा केही बढी सहभागी (३३.७%) ले पूर्ण असहमति जनाएका छन् भने २०.८ प्रतिशत सहभागीले असहमति जनाएका छन् । यसरी आधाभन्दा केही बढी सहभागी विद्यालयमा समूह कार्यमा जटिलता रहेको भन्ने कथनमा असहमत भएका छन् । यसबाट विद्यालयसँगको सम्बन्ध, विद्यालयले सहभागी शिक्षकप्रतिको विश्वास र साधनस्रोतको उपलब्धता राम्रो रहेको भए पनि क्याम्पसमा भएको सूक्ष्म शिक्षण वास्तविक परिवेश सिर्जना गरेर निर्माण गर्न नसकिएका कारण वास्तविक अभ्याससँग त्यसको भिन्नता महसुस गरेका कक्षा शिक्षणणको परिकल्पना र वास्तविकतामा भिन्नता महसुस भएको देखिन्छ । यस्तै विद्यालयमा समूहमा कार्य गर्ने र धेरै विद्यार्थी सङ्ख्याले शिक्षणमा कठिनाइ उत्पन्न भएको महसुस गर्नुले विद्यार्थीहरूले त्यस खालको अभ्यासको अवसर र रणनीति आफूमा विकास गर्ने अवसर प्राप्त नगरेको देखिन्छ ।

## सिकाइ र पेसागत विकास

शिक्षण अभ्यास सिकाइ र पेसागत विकासको आधार हो । यसबाट छात्र शिक्षकमा व्यावहारिक कार्यथलोमा आधारित प्रयोगात्मक ज्ञान हासिल गरी पेसागत विकास गराउने लक्ष्य राखिएको हुन्छ । शिक्षण अभ्यासको पाठ्यांशले शिक्षणका क्रममा व्यावहारिक उद्देश्य निर्माण र प्रयोगका साथै मूल्याङ्कन गर्ने दक्षता विकासको लक्ष्य राखेको छ । शिक्षणका साथै अतिरिक्त क्रियाकलाप, नमुना प्रश्न निर्माण, पाठ्यक्रम र पाठ्यपुस्तकको विश्लेषण, सहपाठी शिक्षण अवलोकन, विद्यालयको अभिलेख अध्ययन जस्ता कार्यका माध्यमबाट सिकाइ हासिल भई पेसागत विकासमा सहयोग पुग्ने अपेक्षा राखेको छ (शिक्षाशास्त्र सङ्काय, २०७५) । यस अध्ययनका सहभागीले शिक्षण अभ्यासबाट हासिल गरेको सिकाइ र पेसागत विकासमा शिक्षण अभ्यासले पुऱ्याएको सहयोगका सम्बन्धमा व्यक्त गरेको अभिमतलाई तालिका ३ मा प्रस्तुत गरिएको छ :

### तालिका ३

*सिकाइ र पेसागत विकास*

| कथन | पूर्ण असहमत | असहमत | अनिर्णित | सहमत | पूर्ण सहमत |
|---|---|---|---|---|---|
| शिक्षण अभ्यासबाट शिक्षण गर्न आवश्यक सक्षमता विकास भएको | ५.२% | ४.०% | ५.२% | २४.८% | ६०.८% |
| पेसागत आइपर्ने चुनौती सामना गर्न तयार पारेको | ६.५% | ३.२% | ४.२% | २९.५% | ५६.६% |
| सैद्धान्तिक ज्ञानलाई अभ्यासमा उतार्न सहयोग पुर्‍याएको | ४.२% | २.२% | ४.२% | २७.३% | ६२.०% |
| वैयक्तिक व्यक्तित्व विकासका लागि योगदान दिएको | २.०% | ४.०% | ४.५% | २४.१% | ६५.५% |
| शिक्षण पेसामा तयार पार्न अभ्यास शिक्षण महत्त्वपूर्ण रहेको | ३.५% | १.७% | ५.०% | ३१.८% | ५८.१% |
| सूक्ष्म शिक्षणले विद्यालयमा गएर शिक्षण गर्न तयार पारेको | ३.०% | १.७% | ४.५% | २२.३% | ६८.५% |

प्रस्तुत तालिकाले यस अध्ययनका सहभागी छात्र शिक्षकबाट व्यक्त अभ्यास शिक्षणबाट सिकाइ र पेसागत विकासमा पुऱ्याएको योगदानका सम्बन्धमा व्यक्त अभिमतलाई प्रस्तुत गरेको छ । जसअनुसार अभ्यास शिक्षणबाट सहभागीको सक्षमता विकास भएको, पेसागत चुनौती सामना गर्न तयार पारेको, सैद्धान्तिक ज्ञानलाई व्यवहारमा उतार्न सहयोग गर्ने पक्षका रूपमा रहेको भन्ने कथनमा धेरै सहभागीले सहमति जनाएका छन् । यस्तै वैयक्तिक व्यक्तित्व विकास, शिक्षण पेसाका लागि तयार पार्न तथा विद्यालयमा गएर शिक्षण गर्न सूक्ष्म शिक्षणले सहयोग गरको कथनमा पनि धेरै सहभागीहरू सहमत भएका छन् । यसबाट अभ्यास शिक्षण र सूक्ष्म शिक्षणबाट छात्र शिक्षकको सिकाइ र पेसागत विकासमा महत्त्वपूर्ण योगदान पुगेको देखिन्छ ।

## सामाजिक संवेगात्मक पक्ष

अभ्यास शिक्षणका क्रममा छात्र शिक्षक शैक्षिक समुदायको नयाँ सदस्यका रूपमा प्रवेश गर्दा उसलाई समुदायका सदस्यका रूपमा कसरी भुमिका निर्वाह गर्छ र संवेगात्मक रूपमा कस्तो प्रभाव पर्छ भन्ने कुराले शिक्षणमा प्रभाव पर्छ । यस अध्ययनका सहभागीको सामाजिक संवेगात्मक पक्षका सम्बन्धमा व्यक्त अभिमत तालिका ४ मा प्रस्तुत गरिएको छ :

**तालिका ४**

*सामाजिक र संवेगात्मक पक्ष*

| कथन | पूर्ण असहमत | असहमत | अनिर्णित | सहमत | पूर्ण सहमत |
|---|---|---|---|---|---|
| शिक्षण अभ्यासको धारणा र सक्षमतामा सकारात्मक प्रभाव | ४.७% | १.२% | २.७% | २४.१% | ६७.२% |
| शिक्षण अभ्यासको समयमा नजिकका मानिसलाई भेट्ने चाहना | ४२.७% | १९.६% | १२.२% | १३.२% | १२.४% |
| शिक्षण अभ्यासबाट सुत्नमा समस्या उत्पन्न भएको | ४०.२% | २४.३% | १२.४% | ११.९% | ११.२% |
| शिक्षण अभ्यासबाट तनाव र चिन्ताको महसुस | ३८.०% | २४.३% | १३.४% | १५.४% | ८.९% |
| शिक्षण अभ्यास उच्च शारीरिक थकानको कारण | ४१.७% | २६.३% | १२.४% | १०.९% | ८.७% |
| दैनिक विद्यालयको यात्रा अतिरिक्त तनावको कारण | ५६.१% | १९.९% | ७.७% | ८.२% | ८.२% |
| सहपाठीसँगको प्रतिष्पर्धाले चिन्ता र तनाब बढाएका | ५१.९% | २२.३% | ८.४% | १०.२% | ७.२% |

उल्लिखित तालिकाले छात्र शिक्षकको सामाजिक र संवेगात्मक पक्षमा अभ्यास शिक्षणबाट परेको प्रभावलाई प्रस्तुत गरिएको छ । जसअनुसार शिक्षण अभ्यासले धेरै छात्र शिक्षकले धारणा र अभ्यासमा सकारात्मक प्रभाव पारेको देखिन्छ । अभ्यास शिक्षणका समयमा नजिकका मानिसलाई भेट्ने चाहना, सुत्नमा समस्या, शिक्षण अभ्यासबाट तनाव र चिन्ता तथा शारीरिक थकानको महसुस, अतिरिक्त तनावको कारण तथा सहपाठीसँगको प्रतिष्पर्धाले चिन्ता र तनाब बढाएको भन्ने कथनमा धेरै विद्यार्थीमा संवेगात्मक समस्या उत्पन्न नभई त्यसलाई व्यवस्थापन गरेको देखिन्छ । यद्यपि केही छात्र शिक्षकमा

भने यसबाट समस्या उत्पन्न भएकाले यी कथनमा सहमत भएका छन् । यस नतिजाले छात्र शिक्षकको सामाजिक र संवेगात्मक पक्षको व्यवस्थापनका लागि गरिएको प्रयास पर्याप्त भएको देखिँदैन ।

## सहयोग र सुपरिवेक्षण

शिक्षण अभ्यासमा सहयोग र सुपरिवेक्षण गर्ने मुख्य दायित्व आन्तरिक सुपरिवेक्षकको हुन्छ । आन्तरिक सुपरिवेक्षकले कम्तीमा दुई पटक छात्र शिक्षकको कक्षा अवलोकन र मूल्याङ्कन गरी सुझाव उपलब्ध गराउने, विद्यालय शिषण अवधिमा प्रश्न निर्माण, विद्यालयसम्बन्धी अभिलेखको तयारी, परीक्षा सञ्चालन, परीक्षाको विश्लेषण, अतिरिक्त क्रियाकलाप सञ्चालन, शिक्षण अभिलेख राख्ने जस्ता कार्य पूरा गर्न सल्लाह एवम् निर्देशन उपलब्ध गराउनुपर्ने, शिक्षणमा आइपेरका समस्या समाधान गर्ने तथा शिक्षण अभ्यासका समग्र विवरण बाह्य परीक्षकलाई उपलब्ध गराउनुपर्ने जस्ता जिम्मेवारी रहेको छ (शिक्षाशास्त्र सङ्काय, २०७५) । यस अध्ययनका सहभागीहरूले शिक्षण अभ्यासका आधारमा प्राप्त सहयोग र सुपरिवेक्षणका सम्बन्धमा व्यक्त गरेको अभिमत तलको तालिकामा प्रस्तुत गरिएको छ :

## तालिका ५

*सहयोग र सुपरिवेक्षण*

| कथन | पूर्ण असहमत | असहमत | अनिर्णित | सहमत | पूर्ण सहमत |
|---|---|---|---|---|---|
| आन्तरिक सुपरिवेक्षकबाट क्रियाकलापहरुमा नजिकबाट चासो व्यक्त | ४.२% | ३.२% | ६.५% | २६.३% | ५९.८% |
| आन्तरिक सुपरिवेक्षकबाट सही समयमा सही मार्गदर्शन प्राप्त भयो | ४.२% | ३.०% | ४.०% | २९.८% | ५९.१% |
| आन्तरिक र बाह्य सुपरिवेक्षकका बिचमा राम्रो सहकार्य | ३.७% | ३.०% | ७.७% | २९.०% | ५६.६% |
| संवेगात्मक सहयोगका लागि सुपरिवेक्षकको भूमिका प्रभावकारी रहेको | २.७% | ५.५% | ४.५% | ३२.५% | ५४.८% |
| कक्षा अवलोकनबाट गरेर प्राप्त सुझाव शिक्षणका लागि मार्गदर्शन भएको | ४.०% | २.२% | ६.९% | ३४.०% | ५२.९% |

उल्लिखित तालिकाले अभ्यास शिक्षणका क्रममा सहभागी छात्र शिक्षकले सुपरिवेक्षकबाट प्राप्त सहयोगका बारेमा व्यक्त अभिमतलाई प्रस्तुत गरेको छ । जसअनुसार आन्तरिक सुपरिवेक्षकबाट छात्र शिक्षकको क्रियाकलापहरूमा पर्याप्त नजिकबाट चासो राखिएको, सही समयमा सही मार्गदर्शन दिने गरिएको, आन्तरिक र बाह्य सुपरिवेक्षकका बिचमा राम्रो सहकार्य भएको तथा संवेगात्मक सहयोगका लागि सुपरिवेक्षकको भूमिका प्रभावकारी रहेको केही सहभागीबाहेक धेरै छात्र सहभागीले अभिमत व्यक्त गरेको देखिन्छ । यसबाट अभ्यास शिक्षणका क्रममा आन्तरिक सुपरिवेक्षकबाट प्रभावकारी भुमिका निर्वाह भएको तथा बाह्य सुपरिवेक्षकसँग समेत समन्वय भएको अभिमत प्रकट भएकाले सुपरिवेक्षकको भूमिका राम्रोसँग निर्वाह भएको देखिन्छ ।

## पेसागत पक्ष

पेसागत पक्षले छात्र शिक्षकको पेसागत पहिचान, पेसागत सक्षमता/व्यावसायिकताप्रतिको दृष्टिकोण, शिक्षण पेसाबाट वैयक्तिक पेसागत सामाजिक र आर्थिक आवश्यकता पूर्तिप्रतिको दृष्टिकोण जस्ता पक्षहरू पर्छन् । शिक्षकमा राम्रो शिक्षण सिप विकास गराउन लगावका साथ अग्रसर हुन पक्षले महत्त्वपूर्ण प्रभाव पार्छ । छात्र शिक्षकले विद्यालयसँग नजिकको सम्बन्ध स्थापित गर्नु छात्र शिक्षकको पहिचान निर्माणको पहिलो आधार हो, जुन कुरा उनीहरूले विद्यालय प्रशासन, सहकर्मी साथीहरूबाट कस्तो साथ प्राप्त गर्छन् भन्ने कुरामा निर्भर गर्छ अनि यसले उनीहरूको समग्र पेसागत र व्यक्तिगत विकासका साथै पेसाप्रतिको सन्तुष्टिमा समेत प्रभाव पार्छ (Caires, Almedia & Vieira, 2012) । यसर्थ पेसागत विकास छात्र शिक्षकको एकल प्रयासका रूपमा नभई शैक्षिक समुदायको वातावरणका आधारमा निर्माण हुन्छ अनि यसैका आधारमा उसमा शिक्षण पेसाप्रतिको आकर्षण र विकर्षणलाई पनि निर्धारण गर्छ । यस अध्ययनका सहभागीको पेसागत पक्षका सम्बन्धमा अभिमत तालिका ६ प्रस्तुत गरिएको छ :

### तालिका ६

*पेसागत पक्ष*

| कथन | पूर्ण असहमत | असहमत | अनिर्णित | सहमत | पूर्ण सहमत |
|---|---|---|---|---|---|
| शिक्षण अभ्यासपछि शिक्षणप्रतिको आकर्षण बृद्धि | २.०% | १.७% | ३.७% | १८.१% | ७४.४% |
| अगाडि फर्किएर पेसा रोजाइको अवसर पाएमा पनि शिक्षण पेसा नै छनोट | २.७% | १.२% | ३.७% | २०.३% | ७२.०% |
| शिक्षक बनेर जीवनका अपेक्षा पूरा गरी सन्तुष्ट जीवन बिताउने आत्मविश्वास बृद्धि | ४.०% | १.२% | ३.७% | २९.५% | ६१.५% |
| शिक्षण अभ्यासबाट सबैभन्दा उपयुक्त पेसाका रूपमा शिक्षण स्थापित | ३.०% | १.७% | ४.७% | ३०.०% | ६०.५% |


दिइएको तालिकाले अभ्यास शिक्षणले सहभागी छात्र शिक्षकको पेसागत विकासका सम्बन्धमा पुऱ्याएको योगदानसम्बन्धी कथनमा व्यक्त अभिमत प्रस्तुत भएको छ । जसअनुसार अभ्यास शिक्षणपछि शिक्षणप्रतिको आकर्षणमा वृद्धि भएको, शिक्षण पेसा रोजाइको पेसा भएकामा पछुतो नभएको र आत्मविश्वास बढेको साथै आफ्ना लागि उपयुक्त पेसाका रूपमा शिक्षण पेसालाई लिएका छन् । जसबाट अभ्यास शिक्षणले छात्र शिक्षकलाई आफ्नो रोजाइको पेसा शिक्षण पेसा रहेकामा त्यसप्रतिको आकर्षणलाई झनै मजबुत बनाएको देखिन्छ ।

## नेपाली भाषा शिक्षण सक्षमता

प्रस्तुत अध्ययनका सहभागीहरू नेपाली मूल विषय लिएर अध्ययन गरी अध्ययन गरी शिक्षण अभ्यासमा सहभागी छात्र शिक्षकहरू हुन् । भाषाशिक्षणमा भाषिक सक्षमता विकास गराउने उद्देश्यले सिपमूलक ढङ्गले शिक्षण गरिन्छ । यसमा विद्यार्थीको भाषा सिकाइप्रतिको उत्साह, सिपमुखी शिक्षण, व्याकरणको व्यावहारिक ढङ्गबाट शिक्षण भाषिक पृष्ठभूमि तथा बहुभाषिकता जस्ता पक्षले भाषा सिकाइमा प्रभाव पार्छन् । यस अध्ययनका सहभागीले नेपाली भाषा शिक्षणका सन्दर्भमा केन्द्रित रही व्यक्त गरेको अभिमतलाई चित्र १ मा प्रस्तुत गरिएको छ :

**चित्र १**

*नेपाली भाषा शिक्षण सक्षमता*




दिइएको चित्रले नेपाली भाषा शिक्षणका सन्दर्भमा अभ्यास शिक्षणबाट विकास भएको शिक्षण सक्षमताका सम्बन्धमा छात्र शिक्षकहरूको अभिमतको स्केल प्रस्तुत गरेको छ । जसअनुसार धेरै विद्यार्थीहरू नेपाली भाषा सिकाइमा उत्साहित रहेका, छात्र शिक्षकको भाषा शिक्षणको सिप विकासमा उल्लेखनीय योगदान पुगेको, साहित्य शिक्षणको प्रयोजन सिप शिक्षण हो भन्ने महसुस छात्र शिक्षकलाई भएको देखिन्छ । कक्षामा दोस्रो भाषाका रूपमा नेपाली भाषाको प्रयोग गर्ने विद्यार्थीको उपस्थितिका कारण शिक्षण गर्न कठिनाइ भएको कथनमा सहमत (सहमत र पूर्ण सहमत) हुने विद्यार्थीको सहभागी एक तिहाइभन्दा बढी (३८.२%) देखिएको छ । यसले नेपाली भाषा शिक्षणका सन्दर्भमा छात्र शिक्षकमा अभ्यास शिक्षणबाट सक्षमता विकास भएको, फरक भाषिक पृष्ठभूमिका विद्यार्थी रहेको कक्षामा शिक्षण सिप विकास हुन नसक्दा त्यसले शिक्षणमा कठिनाइ उत्पन्न भएको देखिन्छ । यसर्थ शिक्षणीय परिवेशलाई मध्यनजर गरेर सोहीअनुसार अभ्यास शिक्षणमा सक्षमता वृद्धि गर्नु आवश्यक देखिन्छ ।

## छलफल

छात्र शिक्षकका शिक्षण अभ्याससम्बद्ध दृष्टिकोणलाई पेसागत र संस्थागत सामाजिकीकरण, सिकाइ र पेसागत विकास, सामाजिक र संवेगात्मक पक्ष, सहयोग र सुपरिवेक्षण, पेसागत विकास, नेपाली भाषा शिक्षण सक्षमतामा गरी पाँच ओटा थिमअन्तर्गत पहिचान गरी तिनको विश्लेषणका माध्यमबाट निष्कर्ष

निकालिएको छ । शिक्षण अभ्यासका शिक्षणको एउटा नमुना मात्रै नभएर यससँग सम्बन्धित विविध पक्षहरूसँग सहकार्य गर्दै गरिने एक बृहत् र बहुआयामिक पक्षहरूको प्रभावमा रहेर गरिने सहाकार्य र अभ्यास हो । यसले शिक्षण पेसाप्रति सकारात्मक धारणाका साथै पेसागत जीवनभरि नै प्रभाव पार्छ । शिक्षक बन्ने क्रममा छात्र शिक्षकलाई विद्यार्थीको आवश्यकता पूरा गर्न, शिक्षकलाई नयाँ परिवेशमा समायोजन गर्न, अन्वेषण र समस्या समाधान गर्न, समूहलाई नेतृत्व गर्न र विद्यार्थीलाई सहयोग गर्न यस अध्ययनमा पहिचान गरिएका थिमहरूको विशेष महत्त्व हुन्छ (Caires, Almedia & Vieira, 2012) । यसर्थ यी विविध पक्षहरूमा विशेष ख्याल गर्नु आवश्यक छ । मिनाहो विश्वविद्यालयका शिक्षक शिक्षा कार्यक्रमअन्तर्गत शिक्षण अभ्यासमा सहभागी भएका छात्र शिक्षकको सन् २००९ मा गरिएको अर्को अध्ययन (Caires, Almeida, & Martins, 2009) ले शिक्षण अभ्यासमा सकारात्मक प्रभाव पार्ने निष्कर्ष निकालेको थियो । शिक्षण अभ्यास सुरु हुनुअघि र शिक्षण अभ्यासपछि गरी दुईपटक गरी छात्र शिक्षकको अनुभवलाई सहभागीले अनुभव गरेको प्रभाव पेसागत र संस्थागत सामाजिकीकरण, सामाजिक-संवेगात्मक पक्ष, पेसागत पक्ष, सहायता, सामग्री र सुपरिवेक्षण तथा सिकाइ र पेसागत विकास जस्ता थिमअन्तर्गत तथ्याङ्कशास्त्रीय दृष्टिले महत्त्वपूर्ण रूपमा भिन्नता रहेको देखाएको थियो । जसले यस अध्ययनको निष्कर्षसँग मेल खाने खालको निष्कर्ष दिएको छ । अझै शिक्षण अभ्यासको वास्तविक प्रभाव परीक्षण गर्नका लागि शिक्षण अभ्यास पहिले र पछि विद्यार्थीको दृष्टिकोण पहिचान गर्दा थप प्रभावकारी हुने पनि सङ्केत गरेको छ । शिक्षण अभ्यासबाट सधैँ सकारात्मक प्रभाव मात्रै नपरी विविध खालका समस्याका कारण राम्रो प्रभाव नपर्न पनि सक्छ । Olusola & Olusile (2017) का अध्ययनका सहभागीले भने शिक्षण अभ्यासबाट अपेक्षाभन्दा अत्यन्तै कम उपलबिध हासिल भएको प्राप्त भएको थियो । मूलतः शिक्षण अभ्यासका क्रममा बसोबास र आर्थिक समस्याका कारण समस्या उत्पन्न भएको सहभागीहरूको दृष्टिकोण रहेको थियो । यसर्थ शिक्षण अभ्यासबाट छात्र शिक्षकको शिक्षण अनुभवमा सकारात्मक प्रभाव पार्न उनीहरूका लागि सहयोगात्मक वातावरण हुनु पनि आवश्यक देखिन्छ । साथै शिक्षण अभ्यासमा संलग्न छात्र शिक्षकको शिक्षणको प्रभावकारिताको अध्ययन समेत गरी त्यसबाट प्राप्त नतिजाका आधारमा थप सुधार गर्दै अगाडि बढ्नु पनि उत्तिकै आवश्यक छ ।

शिक्षण अभ्यासमा सहभागी विद्यार्थीहरूको शिक्षण अभ्यासको प्रभावकारिता र सिकाइमा पारेको प्रभाव सहभागीकै दृष्टिकोण दृष्टिकोणका आधारमा विश्लेषण गर्नु यस अध्ययनको शक्ति हो । नेपालका सन्दर्भमा शिक्षण अभ्यासका विविध पक्षहरू पहिचान गर्दै त्यसको बहुआयामिक प्रभावबारेको व्यवस्थित अध्ययनको कमी रहेको सन्दर्भमा यसले अध्ययनको नयाँ आयाम प्रदान गरेको छ । शिक्षण अभ्यासपूर्व र पछि फरक समयबिन्दुलाई आधार नमानी अभ्यास शिक्षणपछिको समयलाई खण्डात्मक सर्भेक्षण विधिका आधारमा निष्कर्ष निकाल्नु यस अध्ययनको सीमा हो । जसका कारण शिक्षण अभ्यासअघि नै छात्र शिक्षकलाई प्रभाव पारेका बाह्य चरहरूको प्रभाव नियन्त्रण हुन सकेको छैन । नेपालमा विद्यालय शिक्षाको गुणस्तर अहम् चुनौतीको विषय बनिरहेको सन्दर्भमा शिक्षक सक्षमतालाई प्रभावकारी बनाउन शिक्षण अभ्यासविषयक गहन अध्ययन अनुसन्धान गरी निरन्तर परिमार्जन गर्नु आवश्यक छ । यसबाट मात्रै शिक्षण अभ्यासलाई भविष्यमा शिक्षक बन्न तयारीमा रहेका छात्र शिक्षकमा शिक्षणप्रतिको राम्रो धारणा, अनुभव, व्यावहारिक अभ्यासका साथै उत्प्रेरणा विकास गर्न सकिन्छ ।

## निष्कर्ष

प्रस्तुत अध्ययनले छात्र शिक्षकको शिक्षण अभ्यासमा सहभागी भई आर्जन गरेको ज्ञान, सिप र प्राप्त अनुभवसँग सम्बन्धित दृष्टिकोणलाई अन्वेषण गरेको छ । शिक्षण अभ्यासका क्रममा विद्यालयले पूर्ण रूपमा स्वागत गरेको महसुस तथा समूह कार्य गर्नमा केही समस्या देखिएको भए पनि समग्रमा पेसागत र संस्थागत सामाजिकीकरण पक्ष सकारात्मक रहेको पाइयो । अध्ययनका सहभागीहरूबाट गरिएको परिवर्तनको महसुसका आधारमा शिक्षण अभ्यासले उनीहरूको व्यावहारिक ज्ञान तथा सिकाइमा सकारात्मक प्रभाव पारेको देखिन्छ । सहभागीले शिक्षण अभ्यासबाट संवेगात्मक पक्षमा केही असर पुगेको महसुस सहभागीले गरेका छन् । आन्तरिक सुपरिवेक्षकबाट अभ्यास शिक्षणका सन्दर्भमा पर्याप्त सहयोग प्रदान गरिएको यस अध्ययनबाट देखिन्छ । यसका साथै शिक्षण अभ्यासबाट छात्र शिक्षकहरूमा शिक्षण पेसाप्रतिको दृष्टिकोणलाई थप सकारात्मक र मजबुत बनाउनका लागि पनि मद्दत गरेको छ । नेपाली भाषा शिक्षणका सन्दर्भमा भाषा शिक्षणको मर्मअनुरूप सिपमूलक ढङ्गले शिक्षण गर्न, भाषाशिक्षणमा साहित्यको उपयोग गर्न, व्याकरणलाई कार्यमूलक ढङ्गले शिक्षण गर्न बढी अभ्यास शिक्षणले निकै ठुलो सहयोग पुऱ्याएको निष्कर्ष निस्केको छ । दोस्रो भाषी विद्यार्थीको उपस्थितिले भने नेपाली भाषा शिक्षणमा केही समस्या उत्पन्न पनि भएको देखिन्छ । छात्र शिक्षकबाट व्यक्त प्रतिक्रियाका आधारमा अभ्यास शिक्षण उनीहरूको सिप र सक्षमता विकासका दृष्टिले निकै उपयोगी भएको निष्कर्ष यस अध्ययनबाट प्राप्त भएको छ । विद्यालयमा छात्र शिक्षकलाई स्वागत गर्ने, समूह कार्य गर्ने, संवेगात्मक पक्षको व्यवस्थापन, बहुभाषी कक्षामा भाषा शिक्षण जस्ता केही पक्षमा छात्र शिक्षकलाई समस्या भएकाले यी पक्षमा ध्यान दिनु आवश्यक देखिन्छ । खण्डात्मक अध्ययन विधिका रूपमा यस अध्ययनबाट प्राप्त निष्कर्षलाई थप प्रामाणिक बनाउन तथा शिक्षण अभ्यासको प्रभाव पहिचान गर्न हस्तक्षेपयुक्त अध्ययन (इन्टरभेन्सन) गरी वास्तविक अवस्थालाई थप सूक्ष्म रूपमा केलाई सुधारतर्फ अग्रसर गराउनु आवश्यक देखिन्छ । शिक्षण अभ्यासबाट प्राप्त ज्ञानले पेसागत सिप र सक्षमता निर्धारण गर्ने भएकाले यसको सञ्चालन, मनिटरिङ र सुपरिवेक्षणका साथै यस विषयका अध्ययन तथा अनुसन्धानमा समेत ध्यान केन्द्रित गर्नु आवश्यक छ ।

## सन्दर्भसामग्री


गिरी, सुरेन्द्र, खनाल दिपक, पौडेल, टिकाराम र रेश्मी, धनबहादुर (२०८१), शिक्षण अभ्यास कार्यक्रममा सुपरिवेक्षक, शिक्षक र छात्र शिक्षकको दृष्टिकोण, *विकासको निम्ति शिक्षा, २७*(१), https://doi.org/10.3126/bns.v27i1.66556

ढकाल, माधवप्रसाद (२०६८), *अभ्यास शिक्षण : अवधारणा र अभ्यास,* रत्न पुस्तक भण्डार ।

पोखरेल, कृष्णप्रसाद (सन् २०२०), स्नातक तहको शिक्षण अभ्यासप्रति सम्बन्धित छात्र शिक्षकहरूको दृष्टिकोण, *एएमसी जर्नल, १*(१), https://doi.org/10.3126/amcj.v1i1.33425

शर्मा बलराम र लालप्रसाद शर्मा (सन् २०१८), *शिक्षण अभ्यास पुस्तिका,* जुपिटर प्रिन्टिङ एन्ड पब्लिसिङ हाउस प्रा.लि ।

शिक्षाशास्त्र सङ्काय (२०७५), *शिक्षण अभ्यास पाठ्यांश निर्देशिका,* https://foe.tu.edu.np/

Bullough, R. V., & Stokes, D. K. (1994). Analyzing personal teaching metaphors in preservice teacher education as a means for encouraging professional

development. *American Educational Research Journal*, *31*(1), 197-224. https://doi.org/10.3102/00028312031001197

Caires, S. & Almeida, L. S. (2005). Teaching practice in initial teacher education: Its impact on student teachers' professional skills and development, *Journal of Education for Teaching: International research and pedagogy, 31*(2), 111-120 http://dx.doi.org/10.1080/02607470500127236

Caires, S. Almeida, L. S. & Martins, C. (2009). The socioemotional experiences of student teachers during practicum: A case of reality shock?. *The Journal of Educational Research*, *103*(1), 17-27, https://doi.org/10.1080/00220670903228611

Caires, S., Almeida, L. & Vieira, D. (2012): Becoming a teacher: student teachers' experiences and perceptions about teaching practice, *European Journal of Teacher Education,* 35(2), 163-178 http://dx.doi.org/10.1080/02619768.2011.643395

Faculty of Education (2075 B.S.). *Teaching Practice Syllabus of B.Ed. Program*. https://foe.tu.edu.np/

Joyce, B., & Showers, B. (1982). The coaching of teaching. *Educational Leadership, 40*(1), 4-10. https://scirp.org/index

Kadel, P. B. (2023). Issues of teaching practice in Master of English education: Supervisors' perspectives. *Tribhuvan University Journal, 38(1)*. https://doi.org/10.3126/tuj.v38i01.56144

Mayer, J. D., Salovey, P., & Caruso, D. R. (2004). Emotional intelligence: Theory, findings, and implications. *Psychological Inquiry, 15*(3), 197–215. https://doi.org/10.1207/s15327965pli1503_02

Olusola, H. & Olusile, O. (2017). The perception of tertiary institutions prospective teachers on the benefits of teaching practice. *International Journal of Social Sciences & Educational Studies. 3*(3), 42-50, httpi://doi.org/10.23918/ijsses.v3i3p42

Petrides, K.V., Frederickson, N. & Furnham., A. (2004). The role of trait emotional intelligence in academic performance and deviant behavior at school. *Personality and Individual Differences,* 36(2), 277–293. https://doi.org/10.1016/S0191-8869(03)00084-9

Taber, K.S. (2018). The use of cronbach's alpha when developing and reporting research instruments in science education. *Research in Science Education,* 48, 1273–1296. https://doi.org/10.1007/s11165-016-9602-2

Thiessen, D. (2000). A skillful start to a teaching career: A matter of developing impactful behaviors, reflective practices, or professional knowledge. *International Journal of Educational Research.* 33. 515–37. http://dx.doi.org/10.1016/S0883-0355(00)00032-X

Timsina (2024). Teaching practice at undergraduate level: A comparative analysis of policies across Universities in Nepal. *Education Quarterly*, *5*(1), DOI: https://doi.org/10.3126/jeqtu.v5i1.76737

Uakarn, C., Chaokromthong, K., & Sintao, N. (2021). Sample size estimation using Yamane and Cochran and Krejcie and Morgan and Green formulas and Cohen statistical power analysis by G* power and comparisons. *APHEIT international Journal of Interdisciplinary Social Sciences and Technology*, *10*(2), 76-88. https://so04.tci-thaijo.org/index.php/ATI/article/view/254253